जि.प्र.का.द.नं. : ४८/२०७३/०७४
जि.हु.द.नं. : १/२०७४/०७५

साप्ताहिक
# जननिगरानी

व्यवसायीक पत्रकारीता लोकतन्त्रको आधार, सम्वृद्ध र विकासको साझेदार

Jananigrani Weekly

वर्ष ६, अंक ४३ बैशाख ३ गते आइतबार २०८०, 16 April Sunday 2023 नेपाल सम्वत ११४३, पृष्ठ ६+२ मूल्य रू. ८।-




# हिउँदमा सम्हालिएको मन बर्खा अघि नै भत्कियो

**जननिगरानी संवाददाता**
**बागलुङ**

बागलुङ नगरपालिका-११ रायडाडा रामतोलाका विरबहादुर केसीको मन तिलविल भएको छ ।

गत असोजमा बस्तीमाथिबाट गएको पहिरोले दिएको पिँडा आउँदो बर्खामा पनि दोहोरिने चिन्ताले उहाँलाई पिरोल्न थालेको हो । रामतोला क्षेत्रमा पहिरोको जोखिम कामयमै भएको हुँदा बर्खा नलाग्दै स्थानीय पहिरोको त्रासले सताउन थालेको छ ।

पहिराको त्रासले पीडित परिवारमा चर्केका घरहरुमा बस्ने लागेपछि आफ्नै घर फर्किएका गाउँलेहरु आउँदो बर्खा याममा फेरी घर छोड्नु पर्ने चिन्तामा छन् ।

बर्खाको समय आफ्नो घरमा बस्न सक्ने अवस्था नभएको स्थानीय कुलराज शर्माको भनाई छ । बसाइँ सरेर अन्त जाने ठाउँ नहुँदा जोखिमपूर्ण अवस्थामा रहेको शर्माले बताउनुभयो । पहिरोका कारण घर चर्किएका स्थानीय ढालनाथ शर्माले घर छोडेर हिँड्नुभयो । पोखरामा रहेका छोराले कोठा भाडामा लिएर उहाँलाई पोखरा लानुभयो । कुलराज शर्मा, नैनकली केसी र वीरबहादुर केसीका घर गोठ चर्केका छन् ।

पहिरोले घर गोठ पूर्ण रुपमा क्षति नभएसम्म सरकारले कुनै प्रकारको राहत दिँदैन । 'पहिरोको प्रभावित छौँ, सहयोग पाएका छैनौँ'शर्माले भन्नुभयो -'पूर्ण क्षति नभएसम्म राहत पाउन नसकिने रैछ । अघिल्लो बर्खा सकिनै लाग्दा सुरुभएको भीषण पहिरोबाट हिउँदमा भएको वर्षामा समेत माटो बगिरहेको थियो ।

"पहिरोको प्रभाव गाउँका अन्य ११ घरमा पनि परेको छ । पूर्ण प्रभाव परेका ७ घर रहेको वडाअध्यक्ष ज्ञानेन्द्र गौतमले जानकारी दिनुभयो । "पहिरो नियन्त्रणको प्रयास भैरहेको छ, बस्ति स्थानन्तरण गर्न सकिएन्' ,वडाध्यक्ष गौतमले भन्नुभयो-'हिउँदभरीमा पहिरोको अध्ययन, भलबाढी तर्काउने र सम्भावनाहरुको खोजी गर्ने काम मात्रै गर्न सकियो ।

बागलुङ नगरपालिकाले पहिरो नजिक जाने भल तर्काएको छ । घरगोठ नजिक भल नजाने गरी निकास दिईएको वडाअध्यक्ष गौतम बताउनुहुन्छ । बस्ति स्थानान्त्रण गर्न पनि खोजे पनि जग्गा अभावले सम्भव नभएको वडाध्यक्ष गौतमको भनाई छ । सार्वजनिक जग्गा मन्त्रिपरिषदबाटै पारित हुनुपर्ने रहेछ", गौतमले भन्नुभयो, "वडाभीत्र उपयुक्त जग्गा छैन्, बाहिर कस्ले दिन्छ ?" वडामै रहेको जग्गामा बस्ति मात्रै स्थानान्त्रण गरेपनि पीडितहरु घर छोडेर हिँड्ने मानसिकतामा नरहेको उहाँको दावी छ । खेतीपातीका कारण बस्दै आएको ठाउँ छोड्न स्थानीय कठिन मानेका छन ।

प्रदेश सरकार र बागलुङ नगरपालिकाले पहिरो र जोखिमबारे ध्यान त दिएका छन् तर उपयुक्त निकास खोजेर पीडितको व्यवस्थापन हुन सकेको छैन् । "जिल्ला स्थित बिपत् व्यवस्थापन समितिमार्फत निर्णय गराएर बस्ति स्थानन्तरणका लागि संघीय सरकारको ध्यानाकर्षण गराएका वडाध्यक्ष गौतमले बताउनुभयो । पहिरोले जैमिनी नगरपालिका-१ को ओडारका घरमा पनि जोखिम बनाएको छ । गत साता भएको बर्षापछि पहिरोबाट माटो बगेर बृहत कुश्मीशेरा खानेपानी आयोजनाको मुहाननै बगाएको थियो । वडारका केही घर समेत पहिरोका कारण बिस्थापित हुने अवस्थामा छन् ।

> बागलुङ नगरपालिकाले पहिरो नजिक जाने भल तर्काएको छ । घरगोठ नजिक भल नजाने गरी निकास दिईएको वडाअध्यक्ष गौतम बताउनुहुन्छ । बस्ति स्थानान्त्रण गर्न पनि खोजे पनि जग्गा अभावले सम्भव नभएको वडाध्यक्ष गौतमको भनाई छ ।

मनस्थिति नै छैन् । छोडेर जाउँ अन्यत्र कतै ठाउँ छैन् । घर वरपरको जमिन चर्केको छ । घर छेउको बारीमा चिरा परेको छ । पानी रोकिए पछि हिउँदा जसोतसो सम्हालिएको मन अहिले आकास गड्याङ्गुडुङ गर्छ पनि अत्यासिन थालेको छ । रायडाँडा तल्लो रामतोलाको बस्तीमा पहिरोले फेरो हालेको छ ।

गएको भदौ २१ गतेबाट सुरुभएको पहिरो असोजको अन्तिमसम्म रोकिएन् । दशैंका बेला एक साता निरन्तको बर्षामा पहिरो निरन्तर बगिरहयो । गाउँलेले घर छोडेर छिमेकमा बसे । हिउँद

# दुर्गम गाउँमा पुगेर बहिरा विद्यार्थीको खोजी

**जननिगरानी संवाददाता**
**बागलुङ**



चालु शैक्षिक सत्रको वार्षिक परीक्षा सकिए पछि धौलागिरि बहिरा विद्यालयमा पठन पाठन क्रियाकलप बन्द छ । नि:शुल्क आवासीय सुविधासहित पढ्दै आएका बालबालिका वार्षिक परीक्षा दिएर विदामा घर गएका छन् ।

विद्यार्थी घर फर्के पछि विद्यालय प्रशासनलाई कामको बोझ घट्को छ । त्यही मौका छोपेर विद्यालय प्रशासन र शिक्षकको टोली बहिरा विद्यार्थी खोज्दै दुर्गम गाउँ तिर लागेका छन् । बागलुङ जिल्लाका विभिन्न स्थानीय तह तथा छिमेकी रुकुमसम्म विद्यार्थी खोज्दै गएको धौलागिरि बहिरा विद्यालयका प्रधानध्यापक रेशक श्रीसले जानकारी दिनुभयो ।

ग्रामिण क्षेत्रमा अझै पनि बहिरा बालबालिकाले पढ्ने ठाउँ छ भन्ने सुचना नहुँदा शिक्षाबाट वञ्चित हुनु परेको प्रअ श्रीसले बताउनुभयो । बागलुङ सदरमुकामदेखि सुरु भएको विद्यार्थी पहिचानको अभियान छिमेकी जिल्ला रुकुमसम्म पुगेको छ । अभियानको क्रममा निसीखोला गाउँपालिकामा छ जना र रुकुमको रुकुमकोटमा दुई जना गरी कुल आठ जना विद्यालय उमेर समुहका नयाँ बालबालिका पहिचान भएको प्रअ श्रीसले जानकारी दिनुभयो ।

पहिचान भएका बालबालिकालाई आउँदो वैशाखमा विद्यालय भर्ना हुन अनुरोध गरिएको छ । उनीहरुका अभिभावकलाई बालबालिकाको अपाङ्गता परिचय पत्र, जन्मदर्ता, वडाको सिफारिस लगायतका आवश्यक कागजातसहित विद्यालयमा उपस्थित हुन सचेत गराएको विद्यालयमा कार्यरत दोभाषे पुजा किसानले बताउनुभयो ।

'गाउँ गाउँमा बहिरा बालबालिकाले पढ्न सक्दैन्न भन्ने भ्रम छ' प्रअ श्रीसले भन्नुभयो-'बहिरा मैत्री विद्यालयको जानकारी नहुँदा विद्यालयको पहुँच बाहिर बस्न बाध्य छन् । विद्यार्थी खोजी अभियानको क्रममा अभिभावक जनप्रतिनिधिलाई भेटेर आआफ्नो क्षेत्रमा रहेका विद्यालय उमेर समुहका बहिरा बालबालिकालाई विद्यालय पठाउन आग्रह गरिएको थियो ।

बहिरा विद्यार्थीले आवासीय सुविधासहित पठन पाठनको लागि नेपाल सरकारबाट छात्रावृत्ति प्राप्त गर्छन । विदाको समय विद्यार्थी घर आउने र विद्यालय फर्कने खर्च अभिभावकले बेहोर्नु पर्दा घर गए पछि विद्यालय नआउन समस्या रहेको

..............बाँकी ४ पेजमा

सृष्टि इलेक्ट्रीक एण्ड मर्मत
जिपपार्क, बागलुङ



विजुलीका सम्पूर्ण समानहरू मिक्चर, राइसकुकर, हिटर, मोवाइल तथा विदेशी लाइटको चार्जर, क्यालकुलेटर, बिजुलीको तार, वल्व, होल्डर, सिंगल फेज, 3 फेज वायरिङ गर्नुपरेमा हामलिाई सम्झनुहोस् । साथै मोटर T.V., विदेशी लाइट, ग्याँस चुलो लगायत सम्पूर्ण सामानको मर्मत पनि गरिन्छ ।



प्रो. जीत बहादुर किसान
मो नं.: ९८६५३३५५७०, ९८१३००८४११

Selling Happiness
www.fewabazar.com
Online Shopping

Dhaulagiri Modern
& Midari Language Institute
Ba.na.pa.-2, Baglung

हाम्रो सेवाहरु

- Bridge Course
- लोकसेवा आयोग
- Computer Course
- सिप मुलक तालिम
- English Language
- जापानिज भाषा
- IELTS Class
- कोरियन भाषा

- दक्ष तथा अनुभवि प्रशिक्षकद्वारा अध्यापन गराईने ।
- स्वच्छ, शान्त, विद्यार्थी मैत्री वातावरणमा अध्यापन गराईने ।
- समय समयमा सम्बन्धित विशेषज्ञद्वारा सेमिनार गराईने
- स्वच्छ पिउने पानीको व्यवस्था ।
- विद्यार्थीहरूको लागि होस्टलको व्यवस्था ।
- प्रत्येक कक्षामा सि.सि. क्यामेराको व्यवस्था ।
- माध्यमबाट अध्यापन गराईने ।
- हरेक विषयको हेन्डस्आउट उपलब्ध गराउने ।

सम्पर्क नं.: ०६८-५२२६६७, ९८४६७९८८९७, ९८५७६७१४९५, ९८५७६३५०४१

के तपाई स्टुडेन्ट भिजामा जापान जाने चक्करमा हैरान हुनुभस्को छ ?
के तपाईले जापान जाने चक्करमा थुप्रै लगानी गर्नुभस्को छ ?
यदि त्यस्तो हो भने तपाईको जापान जाने सपना साकार पार्न हामी सघाउँछौं ।

Subarashii Language Institute

हाम्रा विशेषताहरू: काठमाडौं र पोखराको सफलतापछि अब बागलुङ बजारमा



- एस एल सी वा सो भन्दा माथिका स्टुडेन्टहरुको सजिलै अप्लाई गर्न सकिने ।
- तपाईले रोजको शहर तपाईले रोजेको कलेजमा अप्लाई गर्न सकिने
- अप्रिल, जुलाई, अक्टोबर तथा जनवरी चार वटै ईन्टेकमा अप्लाई गर्न सकिने ।
- प्लस टु वा प्लस टु पछि ग्याप भएको तथा जुनसुकै डिभिजनको स्टुडेन्टलाई पनि सजिलै अप्लाई गर्न सकिने
- न्युन खर्चमा अप्लाई गरिने । ✔ अनुभवी प्रशिक्षक द्वारा अध्यापन गराईने ।

शुभरासी ल्याङगुयज ईन्सचिच्युट
धौलागिरी चोक बागलुङ, (पञ्चकोट सुनचाँदि पसलको अगाडि)
सम्पर्क फोन नं. ०६८५२०३७३, ०६८५२०४५८, ९८४६८०७८७४, ९८४६८०३५००

तपाईको जापान जाने सपना, हाम्रो सपना
तपाईको सपना साकार पार्ने जिम्मा अब हाम्रो काँधमा

गुहेली सञ्चार सहकारी संस्था लिमिटेडद्वारा संचालित जननिगरानी साप्ताहिक

*अध्यक्ष:* खिमबहादुर कार्की
*सम्पादक:* नविन शिशिर वि.क.
अतिथि सम्पादक: दिल शिरीष
*सह-सम्पादक:* अर्जुन कार्की
कार्यालय: काँठेखोला गाउँपालिका-२, भीमापोखरा
सम्पर्क कार्यालय: बागलुङ नगरपालिका-२, बागलुङ
फोन नम्बर: ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५५५०
इमेल: Jananigrani.bgl@gmail.com
मुद्रण: नमुना छापाखाना,
बागलुङ नगरपालिका-३, बागलुङ

## सम्पादकीय

# आयोजना सञ्चालनमा ध्यान देउ

बागलुङको काठेखोला गाउँपालिकाले स्थापनाको बर्ष गौरवको योजना अन्तर्गत धम्जा देउरालीमा सोलार लिफ्ट प्रविधिबाट खानेपानी योजना बनाउने काम अघि बढायो । पहाडको माथिल्लो भागमा बस्ती भएको हुँदा नजिकमा मुल नहुँदा खानेपानीको संकट झेल्दै आएका देउरालीका उपभोक्ता गाउँपालिकाले आयोजना सञ्चालन गरे पछि उत्साहित भए । आयोजना छिटो सम्पन्न गर्न जनश्रमदानदेखि योजना निर्माणको लागि विभिन्न सहयोग तत्पर भए । गाउँपालिकाले पनि तीन चरणमा गरी करिव १९ लाख ५० हजा रुपियाँ विनियोजन गरी काम सम्पन्न गऱ्यो । लिफ्ट आयोजना दुई बर्ष अघि सम्पन्न भए पनि स्थानीयले पानी उपभोग गर्न पाएनन् । आयोजनाका सम्पूर्ण संरचना तयार भए पनि उपभोक्ताको धारामा पानी झर्न सकेन । मुख्यत:पानी तान्न प्रयोग भएको मोटर पटक-पटक विग्रे पछि उपभोक्ता हैरान भएका छन् । घरघरमा पानी आउने र आफनो गर्जो टर्ने अपेक्षामा रहेक उपभोक्ता निरास भएका छन् ।

आयोजना निर्माणको लागि गाउँपालिकाले लाखौं लगानी गरेको छ । त्यसको उपभोग हुन पाएको छैनन । प्रविधि समस्या नै मुख्य समस्यको रुपमा देखिएको हुँदा वडा तथा गाउँपालिकाले नयाँ मोटर राख्ने वा त्यसलाई मर्मत गरेर सञ्चालन गर्ने विषयमा ध्यान दिनु आवश्यक छ । योजना निर्माणको सम्झौता अनुसार पनि त्यसको प्राविधिक अध्ययन गरेर उपभोक्तालाई खानेपानी सुविधा विस्तार गर्नु अनिवार्य छ । लाखौं लगानी गरेर हजारको लगानीमा उपभोक्ता वडा तथा गाउँपालिका चुक्नु हुँदैन । आयोजनामा प्रयोग भएका सोलार तथा अन्य सामग्रीको उपयोग नहुँदा उपभोक्ताले त्यसको संरक्षणमा वेवास्ता गर्न सक्छन् । उपभोग विहिन सामग्रीको जतन गरी राख्न भन्ने विषय अलि कठिन होला । त्यसकारण सम्बन्धीत निकायले समयमै आयोजना नियमित गर्ने विषयमा ध्यान दिनु पर्छ ।

मोटरमा चट्याङ परेकै कारण विग्रने गरेको हो । अब चट्याङबाट सुरक्षित हुने उपयुक्त विकल्पसहित आयोजना नियमित गर्नुको विकल्प छैन । पुरानो पानीको भरमा दैनिकी चलाएका उपभोक्तालाई सहजता दिन स्थानीय तह चुक्नु हुन्न । उपभोक्ताहरू पनि आफ्नो खानेपानीका संरचनाको संरक्षणमा जिम्मेवार बन्नु आवश्यक छ । अहिले मोटरको कारण आयोजना विग्रेको छ । पानी नपाएको झोकमा अन्य संरचनाको वेवास्ता गर्दा सोलार प्यानल, ब्याट्री, ट्याङ्की जस्ता संरचनामा क्षति पुग्न सक्न त्यसको संरक्षण गर्न चुक्नु हुन्न ।

## बागलुङका १० स्थानिय तहका प्रमुख र उपप्रमुखहरुको फोन नम्बर

| नगरपालिकाहरू | |
|---|---|
| **बागलुङ नगरपालिका**<br>प्रमुखः बसन्तकुमार श्रेष्ठ<br>उपप्रमुखः राजु खड्का | उपाध्यक्षः तेज बहादुर थापा (९८५११९६४९०) |
| **जैमिनी नगरपालिका**<br>प्रमुखः नर बहादुर पुन (९८६३०४१३५५)<br>उपप्रमुखः हरिहर शर्मा (९८५११५७९९१) | **ताराखोला गाउँपालिका**<br>अध्यक्षः धन बहादुर बि.क (९८५७६६६११२६)<br>उपाध्यक्षः भिम बहादुर रोका (९८५७६६६११२७) |
| **गल्कोट नगरपालिका**<br>प्रमुखः भरत गैरे (९८५७६४०७५१)<br>उपप्रमुखः फमलाल निउरे (९८५७६४०७५२) | **बरेङ गाउँपालिका**<br>अध्यक्षः कृष्ण प्रसाद शर्मा (९८५७६२२५५१)<br>उपाध्यक्षः दिलिप कुमार पुन (९८५११७०४५८) |
| **ढोरपाटन नगरपालिका**<br>प्रमुखः देव कुमार नेपाली (९८५६०२६३३०)<br>उपप्रमुखः धन बहादुर कायत (९८४३५१२७५८) | **बडिगाड गाउँपालिका**<br>अध्यक्षः गण्डकी थापा अधिकारी (९८५७६६६०९९)<br>उपाध्यक्षः भिमसेन वन (९८५७६६६१००) |
| **गाउँपालिकाहरू** | **निसीखोला गाउँपालिका**<br>अध्यक्षः सुर्य बहादुर घर्ति (९८४६८३११११)<br>उपाध्यक्षः प्रेम बहादुर घर्ति मगर (९८५७६२८३११) |
| **काठेखोला गाउँपालिका**<br>अध्यक्षः राजु थापा (९८५७६७७००१) | **तमानखोला गाउँपालिका**<br>अध्यक्षः जोकलाल बुढा (९८५७६२१२१९)<br>उपाध्यक्षः हिरा कुमारी छन्त्याल (९८६७६४३७९९) |

# सत्य निरूपण तथा मेलमिलाप आयोगको खेल : पीडकलाई उन्मुक्ति, पीडितलाई झेल

> शान्ति प्रक्रिया सुरु भएको १७/१८ वर्ष भइसक्दा पनि द्वन्द्वकालीन मुद्दाको छिनोफानो नगर्नु आफैंमा अन्याय त हो नै । अझ त्योभन्दा ठूलो अन्याय दोषीलाई उन्मुक्ति र पीडितलाई झन पीडा थप्ने प्रयास हो ।


सविन केसी




१० वर्षे जनयुद्ध र त्यसले नेपाल र नेपाली समाजमा पारेको असर सम्झँदा अझै पनि शरीर कम्पन हुन्छ । परिवर्तनको लागि भन्दै गरिएको १० वर्ष लामो 'जनयुद्ध'मा हजारौंले ज्यानको आहुती दिए, हजारौं बेपत्ता भए । अनि हजारौं अंगभंग भए । तर, युद्ध अन्त्यपछिको विस्तृत शान्ति सम्झौता अनि व्यवस्था परिवर्तनले समेत त्यो जनयुद्धका सवाल र मुद्दाहरुलाई सही व्यवस्थापन गर्न सकेन ।

सरकारले युद्धका पीडितलाई न्याय दिने नाममा २०७१ सालमा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गऱ्यो । तर, त्यो आयोगले आफ्नो औचित्य पुष्टि गर्न सकेन । पीडित पीडित नै रहे । पीडकहरु बारबार राज्यको बागडोर सम्हाल्न सफल भए । पीडितहरुले न्यायको भिख मागिरहँदा न राज्यले कुनै चासो देखायो न त अन्य पक्षले । अहिले फेरि त्यही असफल सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन सरकारले संसदमा पेस गर्ने तयारी गरेको छ । तर, यो विधेयकले सत्य निरुपण हुने कुरामा विश्वास गर्ने कुनै आधार भने छैन । न्यायको सामान्य सिद्धान्तले भन्छ- जघन्य अपराधका घटनामा पीडकलाई माफी दिन मिल्दैन । सर्वोच्च अदालतको आदेशले पनि यही सिद्धान्तलाई सम्बोधन गरिसकेको छ । तर, सरकारले न्यायको सामान्य सिद्धान्त र सर्वोच्चको आदेशकै बेवास्ता गर्दै दोषीलाई उन्मुक्ति दिन र पीडितको घाउमा नूनचुक छर्कने आसयले पुन: सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संसदमा पेस गर्दैछ ।

२०७१ मा बनेको सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधनको नाटक पीडकलाई माफी दिने सरकारको घुमाउरो प्रपञ्च हो । मानव अधिकार उल्लंघन र जघन्य अपराधका मुद्दामा माफी भन्ने कुरा नै हुँदैन भने फेरि यो ऐन संशोधन केको लागि ? जघन्य मानव अधिकारका सवाल कुनै पनि मुलुकमा क्षम्य हुन सक्दैन भने हामी किन पीडितलाई नै थप पीडा दिने प्रयास गर्दैछौं ?

अपराध र अपराधीकरणलाई निकै सामान्य रुपमा हेर्ने हाम्रो राज्य व्यवस्था अनि ठूलाबडालाई जोगाउन एक हुने सत्तामा आसीन दलहरु माओवादी सशस्त्र युद्धका बेला भएका घटनामा पनि ठूलाबडालाई जोगाउने र पीडितलाई अन्याय गर्ने दाउपेचमा एक बन्दैछन् । विधिको शासन मान्ने हो भने गैरन्यायिक हत्या जस्ता जघन्य अपराधमा राजनीति वा अन्य कुनै शक्तिको आडमा उन्मुक्ति दिन मिल्दैन । घटना कबुल गरेको, सत्य उजागरमा सघाउ गरेको र पीडितलाई परिपूरण प्राप्त भएको र माफी दिन मञ्जुर गरेको हकमा मात्र माफी दिन सकिने प्रावधान देखिन्छ । तर, अहिले यी कुनै पनि कुराको तालमेल देखिँदैन । सत्ता समीकरणको घीनलाग्दो खेलमा अडिन सबैको अनुकूलमा ठूलाबडालाई जोगाउने प्रपञ्च कत्तिको न्यायसंगत होला भन्ने हामी जस्ता भूईंमान्छेले पनि सजिलै महसुस गर्न सक्छौं ।

उतिबेला गठित आयोगमा झन्डै ६४ हजार उजुरी छन् । अहिलेसम्म झिनो र सामान्य संख्याका घटनाको मात्रै विस्तृत छानबिन हुन सकेको छ । जुन घटनाको हुनुपर्ने हो, ती घटनामा हात हाल्न सकेको छैन आयोगले । हत्या, यौनजन्य हिंसा, शारीरिक/मानसिक यातना, अपहरण, शरीर बन्धक, अंगभंग, लुटपाट जस्ता घटनालाई मानव अधिकार उल्लंघन मानिएको छ । यस्ता गम्भीर घटनामा सम्झौता गरियो भने त्यो राज्यको लागि नै निकै अफसोचको विषय बन्नसक्छ । नागरिकको सवालमा त झन पीडाको अर्को ताप थपिनसक्छ । शान्ति प्रक्रिया सुरु भएको १७-१८ वर्ष भइसक्दा पनि द्वन्द्वकालीन मुद्दाको छिनोफानो नगर्नु आफैंमा अन्याय त हो नै । अझ त्योभन्दा ठूलो अन्याय दोषीलाई उन्मुक्ति र पीडितलाई झन पीडा थप्ने प्रयास हो । यसमा राज्य गम्भीर बन्नुपर्छ ।

लामो समयसम्म मुद्दाको छिनोफानो नहुँदा कतिपय प्रमाणहरू नष्ट हुनसक्छन्, साक्षी-गवाहीहरूको मृत्यु भइसकेको हुनसक्छ । जहाँ न्याय आफैं मर्न पुग्छ । द्वन्द्वकालको नाममा कसैलाई अपराधमा छुट अनि कसैलाई न्याय नपाउने अवस्था बिल्कुल हुनुहुँदैन । अझ कानून नै संशोधन गरी उन्मुक्ति दिने बाटो रोजिन्छ भने त्यो कानूनी राज्यको गम्भीर अपमान हुन पुग्छ । अहिले सरकारले जुन प्रयास गरिरहेको छ, यो कुरा कुनै हालतमा मान्य हुनै सक्दैन ।

द्वन्द्वपछिको विस्तृत शान्ति सम्झौतामा राज्य र विद्रोही दुवै पक्षले द्वन्द्वकालमा मानव अधिकारको गम्भीर उल्लंघन र मानवताविरुद्धको अपराधका घटना भएको स्वीकार गरिसकेका छन् । अब त्यस्ता आततायी काला घटनाहरु नदोहोरिऊन् । त्यही नै सबैको चाहना हो र यो चाहना पूरा हुनु पनि पर्छ । सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयक पीडितको पक्षमा छैन भन्ने आवाज सर्वत्र उठिरहेको छ । कतिपय आपत्तिजनक र विवादास्पद प्रावधान समावेश गरिनुले चौतर्फी प्रश्न उठिरहेका छन् । जघन्य अपराधका घटनामा संलग्न पीडकलाई आममाफी दिने नियतले प्रेरित भएकै कारण पीडित पक्षले आपत्ति जनाइसकेको अवस्थामा विधेयकलाई फास्ट ट्र्याकबाट पारित गरी संसद्को भूमिकालाई पनि अझ गौण बनाउन खोज्नु पूर्ण रुपमा गलत त छ नै, यसले सरकारी नियतलाई नै लाजको घुम्टो ओढाइरहेको छ ।

२०६३ मंसिर ५ गते सरकार र माओवादीबीच विस्तृत शान्ति सम्झौता हुँदा दुवै पक्षले द्वन्द्वकालमा मानव अधिकारको गम्भीर उल्लंघन र मानवताविरुद्धको अपराधका घटना भएको स्वीकार गरेका थिए । दुबै पक्षबाट भएको त्यो ज्यादती इतिहासको एक तीतो पक्ष हो । उक्त सम्झौता भएको १७ वर्ष बितिसक्दा समेत त्यसको मर्मअनुरूप संक्रमणकालीन न्याय प्रक्रिया टुंगोमा पुग्न सकेको छैन । यसलाई तार्किक निष्कर्षमा पुऱ्याउन प्रमुख राजनीतिक दलको खासै सक्रियता देखिँदैन । अझ भनौं उनीहरु अनिच्छा देखाउँदैछन् ।

२०६२/६३ को जनआन्दोलनपछिको सम्झौता मानव अधिकार र शान्ति प्रक्रियालाई केन्द्रविन्दुमा राखिएर गरिएको थियो । तर, भैदियो उल्टो। त्यो सम्झौतालाई राजनीतिक दलहरुले व्यवस्था परिवर्तन वा सत्ता हस्तान्तरणका लागि मात्र प्रयोग गरे । सम्झौताको बुँदा ५.२.४ मा 'दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडितहरूका लागि राहत कार्य र पुन:स्थापना गराउन राष्ट्रिय शान्ति तथा पुन:स्थापना आयोग गठन गर्ने र त्यसमार्फत यससम्बन्धी काम अगाडि बढाउन सहमत छन्', भन्ने व्यवस्था छ । तर, राष्ट्रिय शान्ति तथा पुन:स्थापना आयोग गठन भयो भएन कसैलाई जानकारी नै छैन ।

यसैगरी बुँदा ५.२.५ मा 'दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य

............. बाँकी ४ पेजमा

## साप्ताहिक राशिफल

*मेषः नयाँ बिजनेश प्लानको योजना बन्नेछ । मठमन्दिरको भ्रमणले थप ऊर्जा प्रदान गर्नेछ ।*

*बृषः मनमा निराशा र शरीरमा आलस्य आउला । धार्मिक तथा सांस्कृतिक कृत्यमा रूचि बढ्नेछ ।*

*मिथुनः शिक्षा, बौद्धिकतार न्यायिक कार्यमा सफलता मिल्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।*

*कर्कटः राजनैतिक कार्यमा सफलता मिल्नेछ । कसैलाई परदेशी घर फर्कने र घरपरिवारमा र रमाइलो वातावरण छाउनेछ ।*

*सिंहः कतै घुम्न जाने योजना बन्न सक्छ । लगनशीलताले कामहरु अगाडि बढ्नेछन् । नयाँ काम वा रोजगार पाइनेछ ।*

*कन्याः यात्रा गर्दा ध्यान दिनुहोला बाटोमा दुःख हुन सक्छ । दौडधुप गर्नु गरेपनि लाभ नै हुनेछ ।*

*तुलाः विद्या र बुद्धिको विकास हुनेछ । लामो समय देखि रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ ।*

*वृश्चिकः चिताएको कामले तीव्रता लिनेछ । भाग्यले साथ दिनेछ भने नयाँ कार्यबाट पर्याप्त लाभ लिन सकिनेछ ।*

*धनुः गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ ।*


*मकरः अनावश्यक र दैनिक व्यवहारमा खर्च समेत बढ्न सक्छ । सामाजिक र राजनैतिक कार्यमा सफलता मिल्नेछ ।*

*कुम्भः अतिथिको रुपमा सत्कार पाइएला । छोटो दुरीको लाभदायक यात्राहरु हुनेछ । कतै घुम्न जाने योजना पनि बन्न सक्छ ।*

*मीनः पारिवारिक साथ र सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । हाँसखेल र मनोरञ्जनपूर्ण समयपनि रहेको छ ।*

*-ज्यो.प. नारायणप्रसाद ढुलाल*

*स्रोतः हाम्रोपात्रो*



# काठेखोला गतिविधि

## प्राविधि त्रुटीले लिफ्ट खानेपानी आयोजना अलपत्र

**जननिगरानी संवाददाता**
**बागलुङ**

चरम खानेपानी अभाव भोग्दै आएको काठेखोला गाउँपालिका-३ धम्जा देउरालीका स्थानीय दुई वर्ष अघि हर्षित थिए ।

देउरालीका स्थानीयको घरघरमा खानेपानी सुविधा पुऱ्याउने लक्ष्यका साथ सोलार लिफ्ट आयोजना सुरु भए पछि खानेपानी सुविधा पाउने आसामा स्थानीय खु:सीले गदगद भए । आयोजना निर्माणमा जनश्रमदान, स्थानीय रुपमा गर्न सक्ने अन्य व्यवस्थापकीय काममा उनीहरुले निर्माण पक्षलाई सहयोग गरे ।

जति सक्दो छिटो काम सकेर आफ्ना अभाव टार्ने दिनको पर्खामा रहेका उपभोक्ताको अपेक्षा पुरा भएनन् । लिफ्ट खानेपानी आयोजना प्राविधिक रुपमा त्रुटी भए पछि उपभोक्ता निरास भएका छन् । आयोजना सञ्चालन नहुँदा लाखौंको संरचना उपभोग विहिन भएका छन्, ।

देउरालीका २० घरधुरी, एक सामुदायिक विद्यालय र स्वास्थ्य चौकी उक्त आयोजनाका उपभोक्ता हुन । देउराली खर्कको चौरमुनीको खोलाबाट पानी तानेर बस्तीमाथि निर्माण गरिएको ट्याङ्कीमा संकलन गरी वितरण गर्ने लक्ष्यका साथ आयोजना सुरु भएको थियो ।

काठेखोला गाउँपालिका करिव तीन चरणमा १९ लाख रुपियाँ लगानीमा निर्माण भएको आयोजनाको पानी तान्न मुलमा प्रयोग भएको मोटर पटक-पटक विग्रे पछि स्थानीयले पानी उपयोग गर्न नपाएको उपभोक्ता महेन्द्र श्रेष्ठले बताउनुभयो । एक दुई दिन मुलबाट ट्याङ्कीसम्म पानी ताने पनि वितरण भएन । बस्तीमाथी दश हजार लिटरको पानी संकलन ट्याङ्की निर्माण गरिएको छ । आयोजना दुई बर्ष अघि सम्पन्न भएको थियो । सञ्चालन हुन सकेको छैन ।

स्थानीयले मठे र असौजे खोलाबाट पाईपमार्फत ल्याएको पानी सिमित मात्रमा प्रयोग गर्दै आएका छन् । 'नयाँ योजनाले पानी प्रसस्तै हुने अपेक्षा थियो' श्रेष्ठले भन्नुभयो-'दुई पटकसम्म मोटर मर्मत गर्दा पनि नियमित नभए पछि पुरानै पानीको भरमा दैनिकी चलाएका छौं ।' पुरानो खानेपानीले खाना र वस्तुभाउलाई खुवाउन पुगे पनि नुहाउन र धुन नपुग्ने उहाँको भनाई छ । दैनिक दुई घण्टाको दरमा पानी वितरण हुँदै आएको छ । नुहाउन र कपडा धुन नजिकको खोला, खोल्सामा जानुपर्ने बाध्यता छ ।

प्राविधिक समस्याले आयोजना सञ्चालन नभएको उपभोक्ता समितिका अध्यक्ष यमबहादुर रोकाले बताउनुभयो । 'पहाडको माथिल्लो भागमा बस्ती हुँदा नजिकमा मुहान छैनन' श्रीसले भन्नुभयो-'पानी पम्प गरेर तान्ने मोटर चट्याङ्नले क्षति गरेको छ ।'

आयोजना सञ्चालनको लागि वडा र गाउँपालिकामा पहल गरेको उहाँले जानकारी दिनुभयो । आयोजना सञ्चालन नभएको बारे आधिकारिक रुपमा वडा कार्यालयमा जानकारी नभए पछि वस्तु स्थित पत्ता लगाएर जनतालाई खानेपानी सुविधा विस्तार गर्ने वडाध्यक्ष कुलबहादुर विकले बताउनुभयो । गाउँपालिकाको पहिलो कार्यकालमा लिफ्ट आयोजना सञ्चालन गरिएको थियो ।

'नागरिकले खानेपानी सहज ढंगले पाउनुपर्छ' वडाध्यक्ष विकले भन्नुभयो-'प्राविधिक समस्या र त्यहाँको वास्तविक अवस्था बुझेर काम अघि बढाउँछौं ।' एक सय पाँच मिटर तलको मुलबाट पानी तान्ने व्यवस्था मिलाइएको छ ।

## एउटै ठाउँमा एक सय अठासी देशका झण्डा फरफर

**जननिगरानी संवाददाता**
**बागलुङ**




बागलुङको काठेखोला गाउपालिका-५ बिहुँको पर्यटकीय क्षेत्र घोडाबाँधे क्षेत्रमा संसारका १८८ देशका राष्ट्रिय झण्डा स्थापना गरिएको छ ।

आन्तरिक तथा बाह्य पर्यटनको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले विश्व सास्कृतिक अभियान समुहको अगुवाईमा झण्डा स्थापना गरिएको हो । घोडाबाधे काठेखोला गाउँपालिका र गलकोट नगरपालिकाको सिमा क्षेत्र हो । झण्डा स्थापना गरिएको क्षेत्रबाट धौलागिरि, माछापुच्छे , मानापाथी, लगायतका दर्शनौ हिमश्रृङखला अवलोकन गर्न सकिन्छ ।

घोडाबाँधे क्षेत्रलाई विश्व सांस्कृतिक गाउूको रुपमा विकास गर्ने लक्ष्यका साथ पर्यटकीय गतिविधि, कार्यक्रम तथा संरचना निर्माण गर्न थालिएको पर्यटन विकास अभियन्त कृष्णबहादुर केसीले बताउनुभयो ।

'यो क्षेत्रमा विश्वको नक्सा जस्तै घर बनाउने योजनामा छौं' अभियन्त केसीले भन्नुभयो-'घोडाबाँधेमा पुग्ने पर्यटकले विश्व भ्रमण गरेको अनुभव गर्ने गन्तव्य बनाउूछौं ।' काठेखोला तथा जैमिनीको सिमा क्षेत्रमा पर्यटकीय क्षेत्र जागादहदेखि धम्जा स्थित पर्यटकीय क्षेत्र बेलढुङ्गा जोड्ने गरी पर्यटकीय पदमार्ग पहिचान गरिएको छ ।

जागादेखि बेलढुङ्गासम्मको यात्रामा बीच भागमा घोडाबाूधे क्षेत्र पर्छ । सबै देशको झण्डा स्थापनाले स्वदेशी तथा विदेशी पर्यटक उक्त क्षेत्रमा पुग्ने अपेक्षा गरिएको छ । झण्डा राखिएको स्थान बागलुङ सदरमुकाम बागलुङ बजारदेखि मध्यपहाडी लोकमार्गको २५ किलो मिटर दुरी पार गर्दै पुग्न सकिन्छ ।

बागलुङका महत्वपूर्ण पर्यटकीय क्षेत्रलाई व्यवसायिक पर्यटनको रुपमा विकास गर्न अभियान सञ्चालन भैरहेको अभियन्त केसीले बताउनुभयो । 'हाम्रो जिल्लामा पर्यटक विकासको अथाह सम्भावना छन्' उहाँले भन्नुभयो-'जिल्लाको एकीकृत विकासको लागि बैशाख २२ गते ढोरपाटनमा विकास सम्मेलन आयोजना गरिएको छ ।'

पर्यटकीय नगर पोखरामा आउने पर्यटकलाई बागलुङ भित्र्याउने र केही हप्ता जिल्लामै बस्ने बातावरण मिलाउन पोखरासूग समन्वय भैरहेको केसीको भनाई छ । काठेखोला क्षेत्रमा भएका पर्यटकीय सम्भावनाका क्षेत्रको पहिचान र विकासमा गाउँपालिकाले आवश्यक नीति, कार्यक्रम र बजेट विनियोजन गर्ने काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बताउनुभयो ।

'झण्डा स्थापनाले तत्काल आन्तरिक पर्यटनको विकास हुन्छ' उहाँले भन्नुभयो-'क्रमश यो क्षेत्रमा अन्य संरचना तयार गरी बाह्य पर्यटक पनि भित्र्याउन कार्यक्रम बनाउछौं ।'

## जनकल्याण स्मारिका बिमोचन



**बागलुङ -** काठेखोला गाउँपालिका-२ भीमापोखरामा रहेको जनकल्याण माध्यमिक विद्यालयले 'जनकल्याण स्मारिका २०७९'को विमोचन गरेको छ ।

विद्यालयको स्थापनाको समय वि.सं. १९८५ देखि हालसम्मका

.............. बाँकी ४ पेजमा

### काठेखोला गाउँपालिकाका जनप्रतिनिधिहरुको सम्पर्क नम्बर

**पालिका अध्यक्ष र उपाध्यक्ष**

अध्यक्षः राजु थापा
(९८५७६७१००१)
उपाध्यक्षः तेज बहादुर थापा
(९८५११९६४९०)

**प्रमुख प्रशासकीय अधिकृत**

खगराज गौतम
(९८६७९७०७३४)

**प्रबक्ता**

टिका संगम वि.क.
(९८५७६७७००९)

**कार्यपालिका सदस्य**

देवी थापा मगर
९८४७७५३६७१
भूमा देवी पुन
९८४७६३१३२१
पूर्णमाया सुनार
९८४७६५६९०४
सुन्तली वि.क.
९८५७६७७०११
गिता देवी वि.क.
९८४७७८९५०५

**वडाअध्यक्षहरु**

वडा नम्बर १
अध्यक्षः खडक बहादुर थापा
(९८५७६२१८०१)
वडा नम्बर २
अध्यक्षः विद्यापति शर्मा
(९८५७६२११८२)
वडा नम्बर ३
अध्यक्षः कुल बहादुर विक
(९८५७६३७०४२)
वडा नम्बर ४
अध्यक्षः लक्षमण पुन
(९८५७६३४२५३)
वडा नम्बर ५
अध्यक्षः ज्ञामनाथ कंडेल
(९८५७६३४६५२)
वडा नम्बर ६
अध्यक्षः बृहस्पती शर्मा
(९८५७६२५६८६)
वडा नम्बर ७
अध्यक्षः प्रेम बहादुर जि.सी.
(९८५७६२०८४४)
वडा नम्बर ८
अध्यक्षः प्रमानन्द कंडेल
(९८५७६२०५६२)


नयाँ वर्ष २०८० सालको

नयाँ वर्ष २०८० सालको पावन अवसरमा देश विदेशमा रहनुभएका आमाबुबा, दिदीबहिनी, दाजुभाईहरुमा सुख,शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतीको

हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

खगराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

तेज बहादुर थापा (तिलक)
उपाध्यक्ष

राजु थापा
अध्यक्ष

खडक बहादुर थापा
वडा अध्यक्ष
वडा नम्बर १ पाला

विद्यापति शर्मा
वडा अध्यक्ष
वडा नम्बर २, भीमापोखरा

कुल बहादुर वि.क.
वडा अध्यक्ष
वडा नम्बर ३ धम्जा

लक्ष्मण पुन
वडा अध्यक्ष
वडा नम्बर ४ तंग्राम

ज्ञामनाथ कंडेल
वडा अध्यक्ष
वडा नम्बर ५ विहुँ

बृहस्पति शर्मा
वडा अध्यक्ष
वडा नम्बर ६ विहुँ

प्रेम बहादुर जि.सी.
वडा अध्यक्ष
वडा नम्बर ७ रेश

प्रमानन्द कँडेल
वडा अध्यक्ष
वडा नम्बर ८ लेखानी

काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बागलुङ

## सत्य....................

निरुपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन्', भन्ने व्यवस्था छ ।

उक्त सम्झौताको झण्डै ८ वर्षपछि २०७१ सालमा सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग बनायो । तर, त्यो आयोग पीडितमैत्री देखिएन । बरु पीडकलाई नै उन्मुक्ति दिने अभिप्रायको देखियो । दलीय छत्रछायाँमा पदाधिकारी नियुक्ति गरेर आयोगको म्यान्डेटलाई नै कमजोर बनाएर तुहाउने कोसिस गरियो । शान्ति सम्झौता हुँदै आयोग निर्माणदेखि आजसम्म आइपुग्दा थुप्रै सरकार परिवर्तन भयो, प्राय: सबैजसो राजनीतिक दलहरु सत्ताको नेतृत्व र बागडोर सम्हाल्न सफल भए । तर, पीडितलाई न्याय र पीडकलाई सजायसहित संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पु¥याउने कुरामा कुनै सरकारले इच्छाशक्ति देखाएनन् ।

२०७१ मा ऐन बन्यो । तर, त्यसपछिका कुनै पनि सरकारले उक्त ऐनलाई सर्वोच्च अदालतको फैसलाबमोजिम संशोधन गर्न कोसिस गरेनन् । अझ द्वन्द्वका नाइके पुष्पकमल दाहाल नेतृत्वको सरकारले त झन पीडितलाई थप पीडा पुग्ने गरी थुप्रै आपत्तिजनक निर्णय ग¥यो । जुन लोकतन्त्र र अहिंसाका पक्षपातीमाथिको प्रहार थियो । सशस्त्र द्वन्द्व सुरु भएको दिन फागुन १ गतेलाई 'जनयुद्ध दिवस' भनी राष्ट्रिय दिवसका रूपमा मनाउने निर्णय गर्नु, २०८० को बिदा सूचीमा त्यसलाई समावेश गरिनु, अनमिनले नै अयोग्य घोषणा गरेका ४ हजारभन्दा बढी माओवादी लडाकूलाई २ लाख रुपैयाँका दरले सहयोग उपलब्ध गराउनु पीडितलाई थप पीडा र पीडकलाई प्रोत्साहन गर्ने नियत हो भन्दा सायद आपत्ति नहोला ।

त्यसो त सर्वोच्चको आदेशविरुद्ध प्रधानमन्त्रीसहित सत्तारुढ गठबन्धनमा सामेल दल र पूर्व तथा वर्तमान माओवादी घटकको धम्कीसहितको अभिव्यक्ति आउनु, विवादास्पद संशोधन विधेयकलाई फास्ट ट्र्याकबाट जस्ताको तस्तै पारित गराउने तयारी गर्नु जस्ता योजनाबद्ध र पीडकलाई उन्मुक्ति दिने सुनियोजित योजनाले न्यायलाई नै सीधा थ्रेट गरेको छ । यो प्रक्रिया अझ द्रुत गतिमा अघि बढ्नेमा शंका छैन । पीडितलाई न्यायको प्रत्याभूति दिलाउन यसलाई सबै मिलेर रोक्नु नितान्त आवश्यक छ ।

संक्रमणकालीन न्यायसम्बन्धी ऐन उतिबेलाको सम्झौताको मर्मअनुरूप थिएन । जुन ऐन बनाउँदा देखाउनुपर्ने संवेदनशिलता हाम्रो संसदले देखाउन सकेन । संविधान जारी भइसकेपछिका दुई संघीय संसद अन्तर्राष्ट्रिय मानव अधिकार एवं मानवीय कानून र सर्वोच्च अदालतको फैसलाअनुरूप सो ऐनलाई संशोधन गर्ने दायित्वबाट चुक्न पुगे । १७ वर्षसम्म कहिले अलमल्याएर त कहिले झुक्याएर पीडितलाई न्याय प्रदान गर्न असक्षम देखिए । सर्वोच्चले भर्खरै 'सशस्त्र द्वन्द्वकालमा भएका गम्भीर मानव अधिकार उल्लंघनका घटनाको विस्तृत शान्ति सम्झौता, संविधान, सर्वोच्च अदालतबाट भएका फैसला, अन्तर्राष्ट्रिय कानून र सिद्धान्तबमोजिम पीडितले सत्यतथ्य जानकारी पाउने तथा न्याय र परिपूरण पाउने विषयहरू विभिन्न कारण देखाएर अनन्तकालसम्म अल्झाइराख्न मिल्ने देखिँदैन' भन्ने आदेश गरेको छ । तर, सर्वोच्चको यो महत्वपूर्ण आदेशलाई पनि सरकार र मुख्य ठूला दलहरुले गम्भीर रुपमा नलिएको महसुस पीडितहरुले गरिरहेका छन् ।

संक्रमणकालीन न्याय प्रक्रियालाई आफू अनुकूल टुंग्याउने र त्यसो हुन नसके अल्झाइराख्ने रणनीति प्रमुख दलहरुभित्र देखिन्छ । अब यो खेलको अन्त्यको लागि आवाज बुलन्द गर्न ढिला गर्नुहुँदैन । आजसम्म सत्य निरूपण तथा मेलमिलाप आयोगको खेल, पीडकलाई राहत, पीडितलाई झेलमात्र भएको छ । अब मानव अधिकार उल्लंघन र ज्यादतीबारे सत्यतथ्य अभिलेख राख्दै पीडितलाई न्याय र पीडकलाई कारबाहीको निचोडमा पुग्नुपर्छ । जसबाट न्यायिक राज्यको प्रत्याभूत होस् । अनि अपराध र अपराधजन्य घटनालाई शून्यमा झार्न सकियोस् । सबैभन्दा महत्वपूर्ण कुरा द्वन्द्वकालीन अन्यायमा परेकाहरुले न्याय महसुस गर्न पाऊन् ।

*नेपालप्रेसबाट साभार ।*

## दुर्गम....................

प्रअ श्रीसले बताउनुभयो । निसीखोला गाउँपालिकामा तीन जना विद्यार्थी पुराना छन् । अभिभावकले गाडी भाडा हालेर विद्यालय पठाउन नसक्ने उनीहरु विद्यालयको पहुँच बाहिर छन् ।

आर्थिक रुपमा अति जटिल समस्यामा भएका बालबालिकालाई वर्षको एक पटक मात्रै घर पठाउने अन्य समय विद्यालयकै छात्रावासमा राख्न सकिने प्रअ श्रीसको भनाई छ । वडा कार्यालयसँग गाडी भाडाको व्यवस्थापन गर्न आग्रह गरिएको छ । 'विद्यालयले गाडी भाडा दिन सक्दैन' सहायक प्रधानध्यापक सन्तोष पौडेलले भन्नुभयो-'अभिभावकले त्यसको व्यवस्थापन गर्न नसक्दा बालबालिका घर आए पछि फर्किन कठिन छ ।' स्थानीय तहसँग समन्वय गरेर सामान्य खर्च व्यवस्थापन गर्न सकिने उहाँको भनाई छ ।)

बागलुङको पुरानो विद्यालय विद्यामन्दिर माविले पनि अनौपचारिक रुपमा भर्ना अभियान सुरु गरेको छ । विद्यालय व्यवस्थापन समिति, शिक्षक कर्मचारसहितको टोली निर्माण गरी बजार भित्र तथा बजार क्षेत्र बाहिरसम्म पुगेर सामुदायिक विद्यालयका विद्यार्थी भर्ना गर्न अभिभावकलाई सचेत गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुलाल शाक्यले बताउनुभयो । सदरमुकाममा रहेको उक्त विद्यालयको कक्षा ११ र १२ मा विद्यार्थीको चाप बढी भए पनि कक्षा १-१० मा विद्यार्थी संख्या औसत मात्रमा छन् ।

शैक्षिक सत्र २०८० को भर्ना अभियान वैशाख १-१५ गतेसम्म सञ्चालन हुँदैछ । एकाद विशेष समस्या भएका बालबालिका बाहेक जिल्लामा विद्यालय उमेर समुहका बालबालिका विद्यालय बाहिर नभएको शिक्षा विकास तथा समन्वय एकाई बागलुङका प्रमुख कुशमराज उपाध्यायले जानकारी दिनुभयो ।

## जनकल्याण........

गतिविधिका साथै घटनाक्रमहरुलाई समेटेर विद्यालयले प्रकाशन गरेको स्मारिकाको शुक्रबार काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बिमोचन गर्नुभएको हो ।

स्मारिका बिमोचन पछि बोल्दै गाउँपालिका अध्यक्ष थापाले स्मारिकाले विद्यालयको साथै पालिकाको जानकारी लिनको लागि विद्यार्थीहरुलाई सहयोग पु¥याउने बताउनुभयो । उहाँले गाउँपालिकाले शिक्षालाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो ।

अध्यक्ष थापाले पालिका भित्रका सबै बालबालिकाहरुलाई शिक्षाबाट बन्चित नबनाउनको लागि र प्रविधियुक्त शिक्षाको लागि योजनाहरु अगाडी बढाएको बताउनुभयो ।

